# मकै, भट्टमास र चैते धान खेती विस्तार प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०७७

**प्रस्तावना**ः गण्डकी प्रदेशमा मकै, भट्टमास तथा चैते धानको उत्पादन तथा उत्पादकत्व बढाई प्रदेशलाई खाद्य आत्मनिर्भरता तर्फ अग्रसर गराउनका लागि मकै, भट्टमास वा चैते धान खेती विस्तार प्रवर्द्धन कार्यक्रम संचालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) यो कार्यक्रम संचालनका लागि कृषि समुह तथा सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन ।

(ख) कार्यक्रम संचालन गर्ने कार्यालयले मकै वा भट्टमास वा चैते धान खेती गर्ने क्लष्टर छनौट गरी कार्यक्रम संचालन गर्नुपर्नेछ।

(ग) प्रत्येक क्लष्टरमा व्यवसायिक खेती गर्ने कम्तीमा १० घरधुरी संलग्न हुनुपर्नेछ।

(घ) छनौट भएका क्लष्टरमा मकै कम्तीमा १०० रोपनी क्षेत्रफलमा वा चैते धान कम्तीमा ५० रोपनी क्षेत्रफलमा र भट्टमास कम्तीमा ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ।

(ङ) खेती गर्दा सिफारिस गरिएका जात तथा प्रविधिको प्रयोग गर्नुपर्नेछ।

(च) खेती गर्दा सम्बन्धित कृषि ज्ञान केन्द्रले सिफारिस गरे अनुसार बीउ र मलखाद प्रयोग गर्नुपर्नेछ।

## २. आर्थिक पक्ष

स्वीकृत वजेटको परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा वढी कार्यका लागि कुल लागतको वढीमा ९० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(क) खेतीको लागि आवश्यक बीउ खरिद, राईजोबियम सुक्ष्म जीवाणुबाट बीउ उपचार।

(ख) यन्त्र, उपकरण खरिद र सिंचाई व्यवस्थापन, आकस्मिक बाली संरक्षण।

(ग) ड्राईङ्ग, ग्रेडिङ, प्याकेजिङ्, लेवलिङ सामग्री खरिद,प्रशोधन, भण्डारण र बजारीकरण।

## ३. प्रस्ताव मूल्याङ्कनका आधार

| **क्र.सं.** | **मूल्याङ्कनको आधार** | **अंक** |
|---|---|---|
| **१** | **खेती गर्ने क्षेत्रफल** | **३०** |
| (क) | मकै- १०० रोपनी,<br>चैतेधान -५० रोपनी ,<br>भट्टमास- ३० रोपनी | १५ |
| (ख) | मकै १०० रोपनी भन्दा बढी क्षेत्रफल भएमा १५ अङ्क प्रदान गरी थप क्षेत्रफलका लागि प्रति १० रोपनी १ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने, | ३० |

| | | |
|---|---|---|
| | चैतेधान ५० रोपनी भन्दा बढी क्षेत्रफल भएमा १५ अङ्क प्रदान गरी थप क्षेत्रफलका लागि प्रति ५ रोपनी १ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने,<br><br>भट्टमास बालीको ३० रोपनी भन्दा बढी क्षेत्रफल भएमा १५ अङ्क प्रदान गरी थप क्षेत्रफलका लागि प्रति ३ रोपनी १ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने | |
| २ | **सिँचाई सुविधा** | २० |
| (क) | सिँचाईको सुविधा भएको | २० |
| (ख) | सिँचाईको सुविधा व्यवस्था गर्न सकिने | १० |
| **३.** | **अनुदानको अवस्था** | **१०** |
| क. | पछिल्लो दुई आ.व. मा कृषि सम्बन्धी कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| ख. | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तारका लागि प्रस्ताव पेश भएको | ५ |
| **४.** | **अनुभव** | **१०** |
| (क) | सम्बन्धित बालीको व्यवसायिक उत्पादन गर्ने गरेको | १० |
| (ख) | सम्बन्धित बालीको व्यवसायिक उत्पादन नगरेको | ५ |
| **५.** | **कार्यक्रममा संलग्न घरधुरी** | **२०** |
| (क) | २० वा सो भन्दा बढी | २० |
| (ख) | ११ देखि १९ घरधुरी सम्म | १५ |
| (ग) | १० घरधुरी | १० |
| ६. | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (बजारीकरण, दिगोपना, नविनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्यांकन गरी १ देखि १० सम्म अंक प्रदान गर्ने) | १० |
| | **जम्मा** | **१००** |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क)“बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७” को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि।

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम ५ वर्षको करार सम्झौताको प्रतिलिपि।

## ५. प्रस्तावको ढाँचाः

### क. आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br><br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br><br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) **सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | हाल खेती गरिरहेको क्षेत्रफल (रोपनी) | हालको उत्पादन परिमाण (के.जी) | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल (रोपनी) | थप हुने उत्पादन परिमाण (के.जी) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग) कुल अनुमानित उत्पादनः**

(घ) कुल रोजगारी सिर्जनाः

(ङ) संचालन हुने क्रियाकलापहरुः

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत (रु.) | कार्यालयको अनुदान (रु.) | प्रस्तावकको साझेदारी रकम (रू.) |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(च) सिँचाईको व्यवस्था (व्यवस्थापनको उपाय) ;

(छ) माग गरेको जम्मा अनुदान रकमः

(ज) अन्य व्यवसायिक योजनाः

- नविनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

(झ) अन्य विषय केही भए उल्लेख गर्नुहोस्